# जिल्ला विकास समिति, भक्तपुरको

# न्यूनतम शर्त र कार्य सम्पादन मापनको नतिजा

# १. न्यूनतम शर्त (Minimum Conditions-MCs)

जिल्ला विकास समितिले तोकिएका केन्द्रीय अनुदान प्राप्त गर्न अनिवार्य रूपमा पुरा गर्नु पर्ने शर्तहरु हुन् । यस प्रणाली अन्तर्गत अनुदान प्राप्त गर्न जिविसले ती सबै न्यूनतम शर्तहरु पूरा गरेकै हुनु पर्छ । कुनै एक मात्र शर्त पुरा नभए पनि जिविसले अनुदान रकम प्राप्त गर्न सक्ने छैनन् ।

## २.कार्यसम्पादन मापन (Performance Measures-PMs)

- कार्यसम्पादन मापन भन्नाले राम्रो काम गरिरहेका जिल्ला विकास समिति लाई प्रोत्साहन दिने र कमजोर कार्य सम्पादन गर्नेलाई कम अनुदान दिने गरी कार्यसम्पादन स्तरलाई अनुदान संग आबद्ध गर्ने प्रणाली हो ।
- यसका सूचकहरु कार्य संचालनको गुणस्तर मापन गर्ने खालका हुन्छन् ।
- यसका कतिपय सूचकहरु न्यूनतम शर्तका सूचकहरुलाई थप प्रष्ट गर्ने खालका हुन्छन् ।
- यो स्थानीय निकायको क्षमताका कमी कमजोरी पत्ता लगाउने एउटा औजार पनि हो ।
- यो अनुगमन तथा मूल्यांकनको औजार (**Tools**) पनि हो ।

# sfod ;Dkfbg dfkgaf6 cg'bfgdf kl/jtdg

नेपाल सरकारले स्थानीय निकायको कार्य सम्पादन मापनको आधारमा अनुदान दिने व्यवस्था गरेको छ।

सरकारले दिने अनुदानलाई सुत्रमा राखी प्रत्येक जिल्लालाई अनुदान दिने निश्चित आधार तयार गरेको छ।

- जनसंख्या
- **Cost Index**
- क्षेत्रफल

# सुत्रको आधारमा दिइने अनुदानमा

न्यूनतम कार्य सम्पादन मापनको आधारमा ३०% थप अनुदान प्राप्त गर्ने र न्यूनतम शर्त पूरा नगरेमा सम्पूर्ण अनुदान रद्द गर्ने व्यवस्था गरिएको छ ।

भक्तपुर जिल्लाले न्यूनतम सर्त पूरा गरेको छ र कार्य सम्पादनमा - ६६ अंक प्राप्त गरेको छ ।

# न्यूनतम शर्त

## योजना तथा बजेट

-परिषद्बाट बजेट तथा कार्यक्रम स्विकृत भएको हुनुपर्ने

-बजेट सिलिङ्ग पठाएको हुनुपर्ने

-बजेट स्विकृतिको जानकारी गा.वि.स, न.पा.मा पठाएको हुनुपर्ने

- वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरेको हुनुपर्ने

- मन्त्रालयमा तोकिएको मितिभित्र प्रगति विवरण पठाएको हुनुपर्ने

# *न्यूनतम शर्त*

## वित्तिय व्यवस्थापन

- अडिट गराएको हुनुपर्ने ।
- DDF तयार गरेको हुनुपर्ने ।
- जि.वि.स.ले DDF मा कार्यक्रम अनुसारको बजेट निकासा गरेको हुनुपर्ने ।
- आ.ले.प. शाखा स्थापना र कार्यान्वयन भएको हुनुपर्ने
- म.ले.प. प्रतिवेदनको प्रतिक्रिया ३५ दिन भित्र दिएको हुनुपर्ने
- बेरुजु अध्यावधिक भएको हुनुपर्ने

# *न्यूनतम शर्त*

## समितिहरुको गठन र कार्यान्वयन

- अनुगमन तथा मूल्यांकन समितिको गठन र कार्यान्वयन भएको हुनुपर्ने ।
- लेखा समितिको गठन भएको हुनुपर्ने ।
- गा.वि.स.को अन्तिम लेखापरीक्षणको लागि जि.वि.स.ले पहिलो चौमासिकमा अडिटर नियुक्ति गरिसक्नु पर्ने ।

## पारदर्शिता

- जिल्ला सूचना तथा अभिलेख केन्द्र स्थापना तथा संचालन

# १. सूचकहरुको विवरण

कार्य सम्पादन मापनका लागि सातवटा कार्यक्षेत्र अर्न्तगत ५७ वटा सूचकहरु निर्धारण गरिएका छन् । यी सूचकहरुमध्ये परीक्षकालागि ४८ वटा सूचकहरुमात्र समावेश गरिएका छन् । यी सूचकहरुको कूल अङ्कभार १०० रहेको छ । मापन गरिने कार्य क्षेत्र तथा अन्तर्गतका सूचकहरुको विवरण निम्नानुसार छ

# अंक भार

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता | ८ | १५ | ६ | १२ | | ८०.०० |
| वजेट व्यवस्थापन | ६ | ११ | ४ | ७ | ४ | ६३.६४ |
| वित्तीय व्यवस्थापन | ९ | १५ | ६ | १० | ३,४,९ | ६६.६७ |
| वित्तीय श्रोत परिचालन क्षमता | ६ | ११ | ४ | ६ | २ र ५ | ५४.५५ |
| बजेट निकासा र कार्यक्रम कार्यान्वयन | ७ | १२ | ४ | ६ | ४ र ७ | ५०.०० |
| संचार र पारदर्शिता | ८ | १४ | ५ | ९ | ६ र ८ | ६४.२९ |
| अनुगमन मुल्याङ्कन | ८ | १० | ३ | ८ | | ८०.०० |
| संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन | ५ | १२ | ४ | ८ | ४ | ६६.६७ |
| जम्मा | ५७ | १०० | ३६ | ६६ | | ६६.०० |

# कार्य सम्पादनको लेखाजोखाको प्रभाव

| | | |
|---|---|---|
| १. | न्यूनतम शर्त पूरा गर्न नसकेमा | सबै अनुदान रद्द हुने |
| २. | कार्य सम्पादनमा न्यूनतम अंक प्राप्त गर्न नसकेमा | २० प्रतिशत अनुदान कटौती हुने |
| ३. | न्यूनतम शर्त पूरा गरी कूल प्राप्ताङ्क ३६ देखि ५० अंक प्राप्त गरेमा | अनुदान थपघट नहुने |
| ४. | न्यूनतम शर्त पूरा गरी कूल ५१ देखि ६५ अंक प्राप्त गरेमा | २० प्रतिशत अनुदान थप हुने |
| ५. | न्यूनतम शर्त पूरा गरी कूल ६६ देखि ८० अंक प्राप्त गरेमा | २५ प्रतिशत अनुदान थप हुने |
| ६. | सवै कार्य सम्पादन मापन क्षेत्रमा न्यूनतम अंक प्राप्त गरी कूल ८० वा सो भन्दा बढी अंक प्राप्त गरेकोमा | ३० प्रतिशत अनुदान थप हुने |

# of]hgf tyf sfodqmd Joj:yfkg Ifdtf M

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| योजना तथा कार्यक्रम व्यवस्थापन क्षमता | ८ | १५ | ६ | १२ | | ८०.०० |

# वजेट व्यवस्थापन

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| वजेट व्यवस्थापन | ६ | ११ | ४ | ७ | ४ | ६३.६४ |

- आय अनुमान र यथार्थ आय विच तालमेल नभएको
- समावेशीकरण तर्फ विनियोजित रकम कम भएको
- ८ वटा विशेष कोष मध्ये ५ वटा मात्र स्थापना भएको

# आर्थिक व्यवस्थापन

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| वित्तीय व्यवस्थापन | ९ | १५ | ६ | १० | ३,४,९ | ६६.६७ |

- बेरुजु ११% कायम हुनु ।
- खरिद योजना तयार नहनु ।
- असुल उपर हुने बेरुजुको कारवाहीमा कमी ।

# वित्तिय श्रोत परिचालन क्षमता

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| वित्तीय श्रोत परिचालन क्षमता | ६ | ११ | ४ | ६ | २ र ५ | ५४.५५ |

- आन्तरिक आय घट्नु ।
- राजश्व बाँडफाँड नहुनु ।
- केन्द्रबाट प्राप्त राजश्व सोही क्षेत्रमा प्राथमिकता साथ खर्च नहुनु ।

# बजेट निकासा र कार्यक्रम कार्यान्वयन

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| बजेट निकासा र कार्यक्रम कार्यान्वयन | ७ | १२ | ४ | ६ | ४ र ७ | ५०.०० |

- विनियोजित बजेटको ८६% मात्र खर्च हुनु ।
- पूँजिगत खर्च प्रतिशत कम ।
- प्रशासनिक खर्च बढेको
- Project Inventory नराखिएको ।

# संचार र पारदर्शिता

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| संचार र पारदर्शिता | ८ | १४ | ५ | ९ | ६ र ८ | ६४.२९ |

- सार्वजनिक सुनुवाई नगरेको ।
- कार्यक्रमहरुको सार्वजनिक परीक्षण नगरेको ।

# अनुगमन र मूल्यांकन

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अनुगमन मुल्याङ्कन | ८ | १० | ३ | ८ | | ८०.०० |

- सम्पन्न योजनाहरुको १ महिनाभित्र जाँचपास नगरेको ।
- Impact Assessment नभएको ।

# संगठन संरचना र सेवा प्रवाह

| कार्य सम्पादन मापनका क्षेत्रहरु | सूचक संख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्राप्ताङ्क | असफल भएको सूचक | प्रतिशत |
|---|---|---|---|---|---|---|
| संगठन संरचना, सेवा प्रवाह र सम्पत्ति व्यवस्थापन | ५ | १२ | ४ | ८ | ४ | ६६.६७ |

- जिन्सी सामान लिलाम नगरेको ।
- वित्तिय अनुशासन तथा लेखा परीक्षण कार्यविधि तयार नभएको ।

# गाउँ विकास समितिको न्यूनतम शर्त मूल्यांकन

- १६ वटै गाउँ विकास समितिको न्यूनतम शर्त पूरा गरेको वा नगरेको भनी मूल्यांकन गरिएको थियो ।
- १६ वटै गाउँ विकास समितिहरुले न्यूनतम शर्त पूरा गरेको मूल्यांकनबाट देखिएको छ ।
- यो मूल्यांकन स्थानीय निकाय वित्तिय आयोगको सहयोगमा जिल्ला विकास समिति, भक्तपुरले गरेको हो ।
- न्यूनतम शर्त पूरा गर्ने सबै गाउँ विकास समितिहरुलाई जिल्ला विकास समिति हार्दिक बधाई दिन चाहन्छ ।

# नतिजा

भक्तपुर जिल्ला विकास समितिले न्यूनतम शर्त पूरा गरी कार्य सम्पादन मापनका ८ वटा शिर्षक अन्तर्गत ५७ मध्ये मापन भएका ४८ वटा सूचकबाट मूल्यांकन गर्दा १०० अंकमा ६६ अंक प्राप्त गरी २५% थप अनुदान प्राप्त गर्न सफल भएको जि.वि.स. सगर्व जानकारी गराउँदछ ।

# धन्यवाद !